# देशको वर्तमान आर्थिक स्थिति

## (आर्थिक वर्ष २०६७/६८ को दुई महिनासम्मको तथ्याङ्कमा आधारित)

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

आर्थिक वर्ष २०६७/६८ को दुई महिनासम्ममा विस्तृत मुद्राप्रदाय १.७ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ३.७ प्रतिशतले बढेको थियो । संकुचित मुद्राप्रदाय अघिल्लो वर्षको सोही अवधिमा ०.६ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ६.५ प्रतिशतले घटेको छ । आवधिक निक्षेप अघिल्लो वर्षको सोही अवधिमा ५.१ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ०.४ प्रतिशतले बढेको छ ।

समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मुल्याङ्कन नाफा/नोक्सान समायोजित) रू. ४ अर्ब ३६ करोड (२.१ प्रतिशत) ले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रू. १ अर्ब ४४ करोड (०.६ प्रतिशत) ले मात्र घटेको थियो ।

### कुल आन्तरिक कर्जा

आर्थिक वर्ष २०६७/६८ को दुई महिनासम्ममा कुल आन्तरिक कर्जामा कुनै परिवर्तन आएको छैन । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा १.७ प्रतिशतले बढेको थियो । निजी क्षेत्रतर्फको कर्जा १.९ प्रतिशतले बढेको भएपनि नेपाल सरकारमाथिको दावी ७.३ प्रतिशत र वित्तीय क्षेत्रमाथिको दावी ६.२ प्रतिशतले घटेको हुँदा कुल आन्तरिक कर्जामा परिवर्तन नआएको हो । समीक्षा अवधिमा गैर-वित्तीय सरकारी संस्थाहरूमाथिको दावी भने ११.० प्रतिशतले बढेको छ ।

### सञ्चित मुद्रा

समीक्षा अवधिमा सञ्चित मुद्रा रु. १६ अर्ब ७९ करोडले घटेको छ । नेपाल राष्ट्र बैंकको खुद वैदेशिक सम्पत्ति र खुद आन्तरिक सम्पत्तिमा कमी आएकोले सञ्चित मुद्रा घटेको हो । सञ्चित मुद्राको उपयोगतर्फ चलनचल्तीमा रहेको मुद्रा र वाणिज्य बैंकहरूको नेपाल राष्ट्र बैंकमा रहेको नगद मौज्दातमा कमी आएको छ । वाणिज्य बैंकहरूले कर्जा तथा लगानीको लागि यस्तो मौज्दात उपयोग गरेको हुँदा नगद मौज्दातमा कमी आएको हो ।

### वाणिज्य बैंकहरूको निक्षेप परिचालन तथा कर्जा प्रवाहको स्थिति

आर्थिक वर्ष २०६७/६८ को दुई महिनासम्ममा वाणिज्य बैंकहरूको कुल निक्षेप परिचालन रू. ८ अर्ब ९० करोडले घटी भाद्र मसान्तमा रू. ६१० अर्ब ८६ करोड कायम हुन आएको छ । सरकारी बजेट उल्लेख्य परिमाणमा बचतमा रहेको र वैकिङ्ग क्षेत्रको खुद वैदेशिक सम्पत्तिमा पनि कमी आएको कारण यस अवधिमा निक्षेपमा गिरावट आएको हो । अघिल्लो वर्षको सोही अवधिमा उक्त निक्षेप परिचालन रू. १७ अर्ब ११ करोडले बढेको थियो । त्यस्तै, समीक्षा अवधिमा वाणिज्य बैंकहरूको निजी क्षेत्रतर्फको कर्जा १.६ प्रतिशत (रू. ७ अर्ब ७७ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रतर्फको कर्जा १.८ प्रतिशत (रू. ७ अर्ब ३४ करोड) ले बढेको थियो ।

समीक्षा अवधिमा वाणिज्य बैंकहरूको उत्पादन क्षेत्रतर्फको कर्जा रू. १ अर्ब ९७ करोडले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रतर्फको कर्जा रु. २४ करोड २० लाखले मात्र बढेको थियो। त्यसैगरी, कृषि, खनिज र थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फको कर्जा क्रमश: रू. ४४ करोड, रू. २६ करोड र रू. १ अर्ब ४८ करोडले बढेको छ। तर, समीक्षा अवधिमा निर्माण क्षेत्रतर्फको कर्जा र यातायात, सञ्चार तथा सार्वजनिक सेवाक्षेत्रको कर्जा क्रमश: रू. ४४ करोड र रु. २ अर्ब २७ करोडले घटेको छ।

### तरलता व्यवस्थापन

आर्थिक वर्ष २०६७/६८ को दुई महिनासम्ममा खुला बजार कारोवार अर्न्तगत रिभर्स रिपो बोलकबोलमार्फत् रू. १९.० अर्ब खुद तरलता प्रशोचन भएको छ। अघिल्लो वर्षको सोही अवधिमा खुला बजार कारोवार अर्न्तगत बिक्री बोलकबोल र रिभर्स रिपो बोलकबोलबाट गरी रू. ८ अर्ब ४४ करोड खुद तरलता प्रशोचन भएको थियो।

आर्थिक वर्ष २०६७/६८ को दुई महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार हस्तक्षेपमार्फत वाणिज्य बैंकहरूबाट अमेरिकी डलर ३२ करोड १० लाख खुद खरिद गरी रू. २३ अर्ब ९३ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ। अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजार हस्तक्षेपमार्फत वाणिज्य बैंकहरूबाट अमेरिकी डलर २० करोड १४ लाख खुद खरिद गरी रू. १५ अर्ब ६२ करोड खुद तरलता प्रवाह गरेको थियो।

समीक्षा अवधिमा अमेरिकी डलर ३६ करोड बिक्री गरी भा. रू. १६ अर्ब ७८ करोड खरिद भएको छ। अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर ५१ करोड बिक्री गरी भा.रू. २४ अर्ब ६८ करोड खरिद भएको थियो।

### अन्तर बैंक कारोवार

आर्थिक वर्ष २०६७/६८ को दुई महिनासम्ममा वाणिज्य बैंकहरूले कुल रू. ४९ अर्ब २० करोड बराबरको अन्तर-बैंक कारोवार गरेका छन्। अघिल्लो वर्षको सोही अवधिमा कुल रू. ३९ अर्ब २९ करोड बराबरको अन्तर बैंक कारोवार भएको थियो। समीक्षा अवधिमा कुल रू. २ अर्ब ९५ करोडको स्थायी तरलता सुविधाको उपयोग भएको छ।

### अल्पकालीन व्याजदर

आर्थिक वर्ष २०६७/६८ को दुई महिनामा ९१-दिने ट्रेजरी विल्सको भारित औसत व्याजदर ३.७७ प्रतिशत कायम भएको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त व्याजदर २.४१ प्रतिशत रहेको थियो। अघिल्लो वर्ष भारित औसत अन्तर-बैंक व्याजदर २.० प्रतिशत रहेकोमा समीक्षा अवधिमा ३.२४ प्रतिशत कायम रहेको छ।

## धितोपत्र बजार

वार्षिक विन्दुगत आधारमा नेप्से सूचकाङ्कमा ३५.६ प्रतिशतले कमी आई २०६७ भाद्र मसान्तमा ४०४.४३ विन्दुमा पुगेको छ। यो सूचकाङ्क २०६६ भाद्र मसान्तमा ६२८.३४ रहेको थियो। २०६३ असार मसान्तलाई आधार मानी गणना गरिएको नेप्से सेन्सिटिभ सूचकाङ्क २०६७ भाद्र मसान्तमा ९८.९४ रहेको छ। यो सूचकाङ्क २०६६ भाद्र मसान्तमा १६०.७९ रहेको थियो। नेपाल स्टक एक्सचेन्ज लिमिटेडले २०६५ भाद्र ८ गतेको अन्तिम कारोवार मूल्यलाई आधार बजार मूल्यको रुपमा लिई गणना गरेको NEPSE Float Index २०६७ भाद्र मसान्तमा अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३७.८ प्रतिशतले कमी आई ३७.१५ पुगेको छ। अघिल्लो बर्षको सोही अवधिमा यो सूचकाङ्क ५९.७४ रहेको थियो।

२०६७ भाद्र मसान्तमा बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा २५.० प्रतिशतले घटी रु. ३ खर्ब ३० अर्ब कायम भएको छ। बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात २०६७ भाद्र

मसान्तमा २८.० प्रतिशत रहेको छ । यस्तो अनुपात २०६६ भाद्र मसान्तमा ४५.९ प्रतिशत रहेको थियो । कुल वजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरुको ७१.५ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको २.४ प्रतिशत, होटलहरुको १.६ प्रतिशत, व्यापारिक संस्थाहरुको ०.५ प्रतिशत, जलविद्युतको ४.८ प्रतिशत र अन्यको १९.३ प्रतिशत अँश रही विगतमाभैंm बैंक तथा वित्तीय संस्थाहरुको नै सबैभन्दा ठूलो हिस्सा रहिरहेको छ ।

सूचीकृत कम्पनीहरुको चुक्ता पूँजीको वार्षिक वृद्धि ३५.६ प्रतिशत रही २०६७ भाद्र मसान्तमा रु. ८६ अर्व ३४ करोड पुगेको छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा थप धितोपत्रहरु सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो । आर्थिक वर्ष २०६७/६८ को भाद्र मसान्तमा रु. ४ अर्व ६१ करोड ७५ लाख बरावरको साधारण शेयर, रु. २२ करोड ६५ लाख बराबरको बोनस शेयर, रु. २ अर्व ५६ करोड ६ लाख बराबरको हकप्रद शेयर र रु. ४ अर्ब ९९ करोड ९ लाख बराबरको सरकारी ऋणपत्र गरी कूल रु. १२ अर्ब ३९ करोड ५५ लाख रकम बराबरको धितोपत्र सूचीकृत भएको छ ।

२०६७ भाद्र मसान्तमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत भएका कम्पनीहरुको सँख्या १८० पुगेको छ । २०६६ भाद्र मसान्तमा यो सँख्या १५९ रहेको थियो । हाल सूचीकृत कम्पनीहरुमध्ये १४८ वटा वित्तीय संस्था (बीमा कम्पनी समेत), १८ वटा उत्पादन र प्रशोधन गर्ने उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक सँस्था, ४ वटा जल विद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

## मुद्रास्फीति र तलब तथा ज्यालादर

### उपभोक्ता मुद्रास्फीति

आर्थिक वर्ष २०६२/६३ लाई आधार बर्ष लिई तयार गरिएको नयां उपभोक्ता मूल्य सूचकाङ्क अनुसार आर्थिक वर्ष २०६७/६८ को दुई महिनासम्ममा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ८.६ प्रतिशत रहेको छ । यसै आधारमा मापन गर्दा अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ९.१ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा वार्षिक विन्दुगत आधारमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क १२.२ प्रतिशतले वृद्धि भएतापनि गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क ५.६ प्रतिशतले मात्र वृद्धि भएको कारण समग्र उपभोक्ता मुद्रास्फीति दर अघिल्लो आर्थिक वर्षको सोही अवधिको भन्दा कम रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यी समूहहरुको मूल्य सूचकाङ्कको वृद्धि क्रमशः १७.१ प्रतिशत र २.८ प्रतिशत रहेको थियो ।

समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये मसलाको वार्षिक विन्दुगत मूल्य सूचकाङ्कको वृद्धि सवैभन्दा वढी अर्थात ४५.४ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप–समूहको मूल्य सूचकाङ्कमा ११.४ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा चिनी तथा मिठाई, रेष्टुरेण्ट तथा होटल, दुग्ध पदार्थ तथा अण्डा र खाद्य तथा खाद्यजन्य पदार्थ उप–समूहको वार्षिक विन्दुगत मूल्य सूचकाङ्क क्रमशः ३०.५ प्रतिशत, १७.८ प्रतिशत, १६.८ प्रतिशत र १६.७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धिदर क्रमशः ४०.३ प्रतिशत, २४.६ प्रतिशत, ६.३ प्रतिशत तथा ५.१ प्रतिशत रहेको थियो । अघिल्लो वर्षको सोही अवधिमा ५२.९ प्रतिशतले वृद्धि भएको तरकारीको मूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा १.४ प्रतिशतले मात्र वृद्धि भएको छ । तर, समीक्षा अवधिमा दाल तथा गेडागुडी, घ्यु तथा तेल र फलफूलको मूल्य सूचकाङ्कमा भने ह्रास आएको छ ।

समीक्षा अवधिमा गैर-खाद्यवस्तु तथा सेवा समूहका वस्तुहरुमध्ये घरायसी उपभोग्य सामानहरुको मूल्य सूचकाङ्कमा १०.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा ३.८ प्रतिशतले ह्रास आएको थियो । त्यस्तै, समीक्षा अवधिमा कपडा तथा जुत्ता चप्पल, स्वास्थ्य र शिक्षाको मूल्य सूचकाङ्कमा क्रमशः १०.४ प्रतिशत, ९.४ प्रतिशत र ५.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धिदर क्रमशः ८.० प्रतिशत, ३.४ प्रतिशत र १०.९ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा यातायातको मूल्य

सूचकाङ्कमा ८.२ प्रतिशतले वृद्धि भएको छ भने सञ्चारको मूल्य सूचकाङ्कमा ६.२ प्रतिशतले ह्रास आएको देखिन्छ ।

क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा काठमाडौंमा १०.६ प्रतिशत पहाडमा ९.७ प्रतिशत र तराईमा ६.६ प्रतिशतले मूल्य सूचकाङ्कमा वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धिदर क्रमशः १०.० प्रतिशत, ९.० प्रतिशत र ८.६ प्रतिशत रहेको थियो ।

## थोक मुद्रास्फीति

समीक्षा अवधिमा राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर ८.२ प्रतिशत रहेको छ । अघिल्लो बर्षको सोही अवधिमा यस्तो वृद्धिदर १२.२ प्रतिशत रहेको थियो । थोक मूल्य अन्तर्गतका कृषिजन्य वस्तु र स्वदेशी उत्पादित वस्तुहरुको मूल्य सूचकाङ्क क्रमश. ९.० प्रतिशत र ७.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको थोकमूल्य सूचकाङ्कमा क्रमशः २८.८ प्रतिशत र ४.६ प्रतिशतले वृद्धि भएको थियो । यसैगरी अघिल्लो बर्षको सोही अवधिमा ७.९ प्रतिशतले ह्रास भएको आयातित वस्तुहरुको थोक मूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा ७.२ प्रतिशतले वृद्धि भएको छ ।

समीक्षा अवधिमा कृषिजन्य वस्तुहरुमध्ये मसलाको वार्षिक विन्दुगत थोक मूल्य सूचकाङ्क सबैभन्दा बढी अर्थात ४८.७ प्रतिशतले बढेको छ । अघिल्लो बर्षको सोही अवधिमा उक्त सूचकाङ्कमा २०.२ प्रतिशतले वृद्धि भएको थियो । यसैगरी, समीक्षा अवधिमा खाद्यान्न, फलफूल र तरकारी तथा पशुजन्य उत्पादनको वार्षिक विन्दुगत थोकमूल्य सूचकाङ्क क्रमशः २१.१ प्रतिशत, १८.० प्रतिशत र १४.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको वार्षिक थोक मूल्य सूचकाङ्कमा क्रमशः ३.६ प्रतिशत, २६.५ प्रतिशत र ४२.५ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो बर्ष ८४.४ प्रतिशतले वृद्धि भएको नगदेवालीको थोक मूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा २९.८ प्रतिशतले ह्रास आएको छ ।

समीक्षा अवधिमा स्वदेशमा उत्पादित वस्तुहरुमध्ये खाद्यजन्य पदार्थको थोक मूल्य सूचकाङ्कमा १०.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो बर्षको सोही अवधिमा यस्तो वृद्धि २.८ प्रतिशत मात्र रहेको थियो । यसैगरी समीक्षा अवधिमा पेय पदार्थ तथा सुर्ति सम्बन्धी वस्तुहरुको थोक मूल्य सूचकाङ्कमा ७.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो बर्षको सोही अवधिमा यस्तो वृद्धि २०.५ प्रतिशत रहेको थियो ।

आयातित वस्तुहरुमध्ये समीक्षा अवधिमा पेट्रोलियम पदार्थ तथा कोइला र यातायात तथा मेशिनरी वस्तुहरुको मूल्य सूचकाङ्कमा क्रमशः १५.९ प्रतिशत र २.७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो बर्षको सोही अवधिमा यी दुवै सूचकाङ्कमा क्रमशः २०.२ प्रतिशत र ६.३ प्रतिशतले ह्रास आएको थियो ।

## राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

समीक्षा अवधिमा वार्षिक विन्दुगत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्कमा १५.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सूचकाङ्क २०.८ प्रतिशतले बढेको थियो । अघिल्लो वर्ष ३२.८ प्रतिशतले वृद्धि भएको तलव सूचकाङ्कमा समीक्षा अवधिमा कुनै वृद्धि नभएतापनि ज्यालादर सूचकाङ्कमा भएको वृद्धिको कारण समग्र तलव तथा ज्यालादर सूचकाङ्कमा वृद्धि देखिएको हो । समीक्षा अवधिमा ज्यालादर सूचकाङ्कमा २०.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यो सूचकाङ्क १७.१ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा ज्यालादर अन्तर्गत कृषि मजदुर, औद्योगिक मजदुर र निर्माण मजदुरको ज्यालादर सूचकाङ्क क्रमशः ३०.६ प्रतिशत, ५.६ प्रतिशत र १६.५ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सूचकाङ्क क्रमशः १८.१ प्रतिशत, १५.८ प्रतिशत र १६.४ प्रतिशतले वृद्धि भएको थियो ।

## सरकारी वित्त स्थिति *

### बजेट घाटा/बचत

आर्थिक वर्ष २०६७/६८ को दुई महिनासम्ममा सरकारी बजेट रु. ८ अर्व ६ करोडले बचतमा रहेको छ । समीक्षा अवधिमा सरकारी खर्चको तुलनामा राजस्व परिचालन उच्च रहेकोले सरकारी बजेट बचतमा रहेको हो । अघिल्लो वर्षको सोही अवधिमा सरकारी बजेट रु. ५५ करोड ६६ लाखले बचतमा रहेको थियो ।

### सरकारी खर्च

समीक्षा अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्चमा २५.५ प्रतिशतले कमी आई रु. १९ अर्व ७८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी खर्च ६९.८ प्रतिशतले बढेको थियो । चालू तथा पूँजीगत खर्चका साथै फ्रीज खर्चमा समेत कमी आएको कारण कुल सरकारी खर्च घटेको हो ।

### सरकारी राजस्व

आर्थिक वर्ष २०६७/६८ को दुई महिनासम्ममा नेपाल सरकारको राजस्व परिचालन ११.२ प्रतिशतले वृद्धि भई रु. २५ अर्व ७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा राजस्व ५४.५ प्रतिशतले वृद्धि भई रु. २२ अर्व ५५ करोड पुगेको थियो ।

समीक्षा अवधिमा आयकर राजस्वको वृद्धिदरमा विस्तार आएतापनि भन्सार, अन्तःशुल्क र मूल्य अभिवृद्धि कर राजस्वको वृद्धिदर अघिल्लो वर्षको सोही अवधिको तुलनामा घटेको र गैर-कर राजस्व परिचालनमा भने कमी आएको छ ।

### वैदेशिक नगद ऋण र अनुदान

आर्थिक वर्ष २०६७/६८ को दुई महिनासम्ममा नेपाल सरकारलाई वैदेशिक नगद ऋणवापत् रु. ७२ करोड ६४ लाख र वैदेशिक नगद अनुदानवापत् रु. १ अर्व ८१ करोड प्राप्त भएको छ । अघिल्लो वर्षको सोही अवधिमा ती शीर्षकहरुमा क्रमशः रु. १५ करोड ८९ लाख र रु. २ अर्व ७२ करोड प्राप्त भएको थियो ।

## वाह्य क्षेत्र

### वैदेशिक व्यापार

आर्थिक वर्ष २०६७/६८ को दुई महिनासम्ममा कुल वस्तु निर्यात ३.८ प्रतिशतले घटी रु. १० अर्ब ६८ करोड रहन गएको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल वस्तु निर्यात १४.४ प्रतिशतले घटी रु. ११ अर्ब १० करोड रहेको थियो । मासिक रुपमा हेर्दा, चालु आर्थिक वर्षको भाद्र महिनामा भने कुल वस्तु निर्यात साउन महिनाको तुलनामा ७.२ प्रतिशतले वढेको छ ।

कुल वस्तु निर्यातमध्ये भारततर्फको निर्यात समीक्षा अवधिमा १३.७ प्रतिशतले बढेको छ । यस्तो निर्यात अघिल्लो वर्षको सोही अवधिमा १३.१ प्रतिशतले घटेको थियो । त्यस्तै, अन्य मुलुकतर्फको निर्यात भने अघिल्लो वर्ष १६.० प्रतिशतले घटेकोमा समीक्षा अवधिमा २४.५ प्रतिशतले ह्रास आएको छ । भारततर्फ मुख्यतयाः तयारी पोशाक, एम. एस. पाइप, जुटका सामान, प्लाष्टिकका सामान, आयुर्वेदिक औषधी, पिना, जुत्ता तथा चप्पल, छाला, साबुन, तरकारी, तार र जुसको निर्यात बढेको

---

* नेपाल राष्ट्र बैंकका ८ वटा कार्यालयहरु, राष्ट्रिय वाणिज्य बैंकका सरकारी कारोवार गर्ने ६५ शाखामध्ये ६२ वटा शाखाहरु, नेपाल बैंक लिमिटेडका सरकारी कारोवार गर्ने ४२ शाखा मध्ये ४१ वटा शाखाहरु, एभरेष्ट बैंक लिमिटेडका ५ वटा शाखाहरु र नेपाल बंगलादेश बैंक लिमिटेडको १ शाखाबाट प्राप्त विवरणको आधारमा तयार गरिएको ।

कारण त्यसतर्फको निर्यातमा वृद्धि हुन गएको हो । त्यस्तै, अन्य मुलुकतर्फ विशेषगरी दाल, पश्मिना, हस्तकलाका सामान, जडिबुटी, चाँदीका गरगहना एवं नेपाली कागज र सोका सामानको निर्यातमा ह्रास आएको कारण त्यसतर्फको निर्यात घट्न गएको हो ।

कुल वस्तु आयात समीक्षा अवधिमा ५.२ प्रतिशतले बढेर रु. ६१ अर्ब ७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात २१.३ प्रतिशतले वृद्धि भई रु. ५८ अर्ब ४ करोड पुगेको थियो । मासिक रुपमा हेर्दा, भाद्र महिनामा कुल वस्तु आयात साउन महिनाको तुलनामा ०.२ प्रतिशतले मात्र वढेको छ ।

कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्षको दुई महिनासम्म १८.८ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा ३६.१ प्रतिशतले बढेको छ । त्यसैगरी, अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्षको २४.३ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ३१.३ प्रतिशतले ह्रास भएको छ । भारतबाट मुख्यतयाः हटरोल्ड सिट इन क्वाइल, चिनी, रासायनिक मल, फलफूल किताव तथा म्यागाजिन जस्ता सामानको आयात बढेको छ भने अन्य मुलुकबाट विशेषगरी कच्चा पाम तेल, खाने तेल, विजुलीका समान, जि.आई. तार, सुन, अन्य स्टेशनरी, पोलिथिन ग्रयानुयल्स, धुलो दुध, छाता तथा पाटपुर्जा, फलामे रड तथा पाताको आयातमा कमी आएको छ ।

चालु आर्थिक वर्षको दुई महिनासम्ममा कुल वस्तु व्यापार घाटा ७.४ प्रतिशतले वृद्धि भई रु. ५० अर्ब ४० करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल वस्तु व्यापार घाटा ३४.५ प्रतिशतले वढेको थियो । कुल वस्तु व्यापार घाटामध्ये भारतसँगको घाटा अघिल्लो वर्षको सोही अवधिमा ३०.१ प्रतिशतले वढेकोमा समीक्षा अवधिमा ४१.३ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै, अघिल्लो वर्षको सोही अवधिमा ४०.३ प्रतिशतले बढेको अन्य मुलुकसँगको व्यापार घाटा समीक्षा अवधिमा ३२.९ प्रतिशतले घटेको छ ।

निर्यात व्यापारमा आएको कमी तथा आयात व्यापारमा भएको विस्तारको कारण समीक्षा अवधिमा निर्यात-आयात अनुपात १७.५ प्रतिशतमा झरेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात १९.१ प्रतिशत रहेको थियो ।

## शोधनान्तर

आर्थिक वर्ष २०६७/६८ को दुई महिनासम्ममा समग्र शोधनान्तर स्थिति रु. ४ अर्व ३६ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा रु. १ अर्व ४४ करोडले शोधनान्तर घाटामा रहेको थियो । आर्थिक वर्ष २०६७/६८ को दुई महिनासम्ममा चालू खाता रु. ३ अर्ब २६ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा भने चालू खाता रु. ६ अर्ब २९ करोडले घाटामा रहेको थियो । खासगरी व्यापार घाटाको वृद्धिदरमा आएको कमी तथा खुद ट्रान्सफर आयमा भएको उच्च वृद्धिका कारण चालू खाता घाटा कम रहन गएको हो ।

समीक्षा अवधिमा एफ.ओ.बी. मूल्यमा आधारित वस्तु व्यापार घाटा अघिल्लो वर्ष ३४.१ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ७.७ प्रतिशतले मात्र वृद्धि भई रु. ४९ अर्ब २४ करोड पुगेको छ । खूद सेवा आय समीक्षा अवधिमा ४८.९ प्रतिशतले घटी रु. २ अर्व ४६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त आय २९.८ प्रतिशतले घटी रु. १६ अर्ब ८४ करोड रहेको थियो । त्यस्तै, खूद ट्रान्सफर आय अघिल्लो वर्षको तुलनामा १३.४ प्रतिशतले वृद्धि भई रु. ४८ अर्ब ११ करोड पुगेको छ । ट्रान्सफर अन्तर्गत अनुदान ५४.० प्रतिशतले वृद्धि भई रु. ५ अर्ब ६७ करोड र पेन्सन आय ९.४ प्रतिशतले वृद्धि भई रु. ४ अर्ब ४९ करोड पुगेको छ । त्यस्तै, विप्रेषण आप्रवाह अघिल्लो वर्षको १९.७ प्रतिशत वृद्धिको तुलनामा ९.७ प्रतिशतले बढी रु. ३८ अर्ब ४० करोड पुगेको छ । मासिकरुपमा हेर्दा, चालू आर्थिक वर्षको भाद्र महिनामा विप्रेषण आप्रवाह ११.५ प्रतिशतले बढेको छ ।

## विदेशी विनिमय सञ्चिति

२०६७ भाद्र मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६७ असार मसान्तको तुलनामा १.८ प्रतिशतले घटी रु. २६१ अर्ब ८१ करोडमा सीमित हुन पुगेको छ । २०६६ भाद्र मसान्तमा यस्तो सञ्चिति २०६६ असार मसान्तको तुलनामा ३.१ प्रतिशतले घटेको थियो । कुल सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०६७ असार मसान्तको तुलनामा २.४ प्रतिशतले ह्रास आई रु. २०० अर्ब ४० करोडमा सीमित हुन पुगेको छ । अमेरिकी डलरमा गणना गर्दा २०६७ असारदेखि २०६७ भाद्र मसान्तसम्ममा कुल सञ्चिति १.१ प्रतिशतले घटी अमेरिकी डलर ३ अर्ब ५४ करोडमा सीमित हुन पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सञ्चिति १.८ प्रतिशतले घटेको थियो । आर्थिक वर्ष २०६७/६८ को दुई महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले ८.७ महिनाको वस्तु आयात र ७.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६६ भाद्र मसान्तमा प्रति व्यारल अमेरिकी डलर ६६.१६ रहेकोमा २०६७ भाद्र मसान्तमा २०.० प्रतिशतले वृद्धि भई प्रति व्यारल अमेरिकी डलर ७९.३८ पुगेको छ । त्यसैगरी, सुनको मूल्य २०६६ भाद्र मसान्तको तुलनामा २०६७ भाद्र मसान्तमा २४.७ प्रतिशतले बृद्धि भई प्रति आउन्स अमेरिकी डलर १०१५.७५ बाट अमेरिकी डलर १२६७.०० पुगेको छ ।

२०६७ असार मसान्तको तुलनामा २०६७ भाद्र मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ०.७३ प्रतिशतले अधिमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ०.७१ प्रतिशतले अधिमूल्यन भएको थियो । २०६७ भाद्र मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ७३.९० पुगेको छ । २०६७ असार मसान्तमा उक्त विनिमय दर रु. ७४.४४ रहेको थियो ।